१२२ ।

बुद्ध मानिस हुन् ।


धर्मरत्न 'यमी'

काठमाडौं

२००६

१२५

# बुद्ध मानिस हुन्



ले० धर्मरत्न "यमि"

श्रीः

सिलसिला नं. १२०

ग्रन्थको नाम

ग्रन्थकारको नाम

प्रकाशक

संवत्

मदन-पुरस्कार-पुस्तकालय

श्री दरबार, पुलचोक, नेपाल।

# निवेदन

यो पुस्तिका हेरेर धेरै पाठकहरू म देखि रिसाउने छन्, द्वेष गर्ने छन् । तर म नम्र भएर वहाँहरूसंग पनि निवेदन गर्छु :—

द्वेष र रीस छाडी वास्तविकता अगाडि राखी एक एक शब्द, एक एक वाक्य, एक एक प्यराग्राफलाई अध्ययन गर्नु होस् र तर्क गर्नु होस् । आफ्नो मन मनमा, आफ्ना साथी साथीमा, विचार बिमर्श गर्नु होस् ! आखिर वास्तविकता भनेको वास्तविकता नै रहने छ । रीस र द्वेष रहने छैन ।

यो सानो पुस्तिकाबाट बुद्ध र बुद्ध धर्मको केही न केही वास्तविकता यदि पाठक वर्गले पाउनु सक्नु भएको खण्डमा मेरो परिश्रम सफल भएको ठान्छु ।

निवेदकः— धर्मरत्न "यमि"

२००६ भाद्र २६ गते



# बुद्ध मानिस हुन्

बुद्ध कुनै अल्सी, कमजोर र ठगहरूको इच्छा पूरा गरी दिने दिमागी देवता होइनन्। बुद्ध कुनै खुसामदी, अथवा भक्तवत्सल भनाउनलाई भक्तहरूको पैतलाको धूलो सुँघ्दै हिड्ने ईश्वर पनि होइनन्। बुद्ध कुनै देशमा अमेल अशान्ति र अन्यायको खिचडी पकाउनाखातिर मानिस–मानिसमा भेद–भाव गराउनाका कारण बाहुनलाई मुखबाट, क्षत्रीलाई बाहुबाट, वैश्यलाई जांघबाट र शूद्रलाई पैतलाबाट अह्राइगरी, बाहुनलाई मुख हल्लाए पुग्ने धर्म, क्षत्रीलाई मार र मर्न पर्ने, वैश्यलाई धन सुम्ट्याउने रोजगार र शूद्रलाई फोहर सोहरी जूठो खाने काम दिएर विदेशी या अनार्य जातिहरूलाई म्लेच्छ वा घृणित बनाउने बहुजनमारा ब्रह्मा पनि होइनन्। बुद्ध कुनै मूर्ख मध्ये प्रतिष्ठितहरूको भनाइ अनुसार यो विश्व ब्रह्माण्ड आफ्नो शौकको निमित्त रचेर आपसमा काटमार रोग–राग मच्चाउने दुःख दर्दको सूत्रले दुर्बल सोझा लाटाहरूलाई बाँधेर उनीहरूले छट्पटाएर चित्कार गरेको सुन्ने धूर्त स्वार्थी र बलियाहरूले जनतालाई चुसेर मोज–मज्जा उडाएको तमासा हेर्ने लिलाधारी परमेश्वर पनि होइनन्। बुद्ध कुनै स्वार्थीहरूले भने अनुसार "म सबैको घटघट-व्यापी आत्माराम छँदै छु, मेरी भक्ति गर, मेरो भरमा बस, न डराऊ, मारकाट जे गर मलाई सम्झेर औ मलाई अर्पण गरेर गर, कुनै

पापदेखि नडरा, गराउने र गर्ने सबै म छु"— भन्ने पाप गराउने पापीका सर्दार परमात्मा पनि होइनन्। बुद्ध कुनै दार्शनिकहरूको वाद विवाद स्वरूप रहस्यमय ब्रह्म वा परब्रह्म पनि होइनन्। बुद्ध हामी जस्तै बालखकालमा आमाको दुध चुसेर हुर्केका मानिस हुन्। मानिस भूत प्रेत देव महादेव मनाउँदाहरू भन्दा ठाला होइनन्।

उनी को हुन् भनेर अन्धकार युगका दन्त्यकथाहरूको पंक्तिमा अन्धश्रद्धाको चश्मा लगाई खोज्न पर्ने कुनै रहस्यमय वस्तु होइनन्। अनिश्चित कालको कवि कल्पित चित्र-विचित्र अलौकिक कुराले भरिएका काव्य, महाकाव्य र पुराणहरूको खाडलमा तर्कले नमेटिने अमानवीय दुर्बिनबाट पत्तालगाउनु पर्ने पनि बुद्ध होइनन्। उनको हाम्रै जस्तो मानवीय जीवन घटनाको इतिहास छ; पुराण होइन। उनको जीवनीमा जो अमानवीय घटनाको वर्णन पाइन्छ त्यो उनको भक्तहरूको अन्ध काम हो र तिनीहरू द्वारा चढाइएको अन्ध उपाधि मात्र हो।

यही पृथिवीको, यही एशियाको, भारतदेखि उत्तरमा आज हाम्रै नेपालको बुटवल जिल्ला अन्तरगत तौलिहवानिर उनी जन्मेको भूमी लुम्बिनिवन, उनले वास गरेको कपिल वस्तुको दर्बार आज सद्दै देख्न नपाए पनि भग्नावशेषको रूपमा पाउँछौं। पच्चिस सय वर्ष अघि आजको त्यो भग्नावशेष कपिल वस्तु नगरी जिउँदो र गुल्जार थियो। त्यहाँ राजा थिए, प्रजा थिए, राज्यमा हुन पर्ने सबै वस्तु थियो। त्यहि राज्यका राजा शुद्धोधनकी रानी महामाया देवीको कोखबाट बुद्ध

जन्मेका थिए। उनी जन्मदा उनको पिता शुद्धोदन कपिलवस्तु गण-तंत्रीय सभामा भाषण दिइरहेका थिए। त्यस बेला उनको नाम बुद्ध थिएन सर्वार्थसिद्ध वा सिद्धार्थ थियो। उनी सिद्धार्थबाट कसरी बुद्ध भए; त्यसको पनि इतिहास छ।

हुने बिरुवाको चिल्लोपात भने झैं अरुले झैं लापरवाही नगरी उनी एक एक काम कुरो राम्रो विचार गरी टुङ्ग्याउँदथे। उनी मानिस भयकोले सधैं अन्यायको विरुद्ध, न्यायका पक्षमा लड्दथे। आफ्नो खातिर मात्र होइन, बेहाल र पीडित प्राणी मात्रको लागि लड्थे, अनि चाहिएको खण्डमा तरह तरहले सेवा पनि गर्थे। विद्या--विनय-संपन्न र शौर्यवान्, वीर्यवान् जवान भए पछि उनले आजकालको जस्तो धन माल र बलको धाक देखाएर होइन, आफ्नो व्यक्तित्वको शान देखाएर आफूलाई रुचाउने देवदहकी राज कन्या, यशोधरासँग पाणी ग्रहण गरेका थिए। राज कुमारी यशोधराले पनि उनलाई यौवनाव-स्थाको हडबडले होइन, आमा बाबु र लमीहरूको फकाई–फुकाईको दबाबमा परेर होइन, ज्योतिषहरूको हेर-कोरबाट फाप छ भन्ने कुरा सुनेर पनि होइन, केवल उनको व्यक्तित्वको शानरूपी बाणबाट घायल भएर उपचारको खातिर अपनाएकी हुन्।

वासंतिक रमाइलो बगैंचाको बीच, सौन्दर्यपूरी खोपी भित्र नवदम्पतीको प्रेम-पाशोमा, यौवनको छल्कदो उन्मादमा, त्यो पर-स्परको सम्मिश्रणले, त्यो आफ्नो आफ्नो पाकुदो अधरामृत पानले यशोधराको श्री गर्भ वृद्धि धर्म हुन लाग्यो।

सिद्धार्थ यता उता भइहेलान् भनेर शुद्धोदन महाराजले दर्वारको क्याप्पा खूबै मजबुत गर्दै बन्धनको पासो भन् भन् कस्दै ल्याइरहेका थिए। अति सर्वत्र वर्जयत् ;— यो कुरा साँचो हो। सिद्धार्थलाई दर्वारको परम् आनन्दमा पनि आनन्द लागेन। बाहिरतिरको स्वच्छ र शीतल वातावरणमा चरो भैं एक फन्को घुमेर आऊँ--आऊँ लागिरहेको धेरै दिन बितिसकेको थियो। मौका आएको थिएन। तर एक दिन त्यो आशा पूरा हुन आयो। सिद्धार्थ बाहिर जाने भए भनेर गमक्क परिरहेका थिए। बग्गी ठीक पारी हँदक आइ पुग्यो। दर्वारबाट बाहिर सिंगारी राखेको शहरभित्र आनन्दित मनली घुम्दै एक टोलको बाटोमा पुग्दा उनले लुम्रे–भुम्रे दाकेहरूको एक फौज देखे। तिनीहरूको गरीबी अवस्था हेरेर उनीले के भन्न लागेका थिए ; बग्गी अघि बढेर एक रोगी भएको ठाउँमा पुग्यो। त्यस रोगीको आङ्को ठाउँ ठाउँको भागहरूमा खटिराहरू थिए। ती खटिराहरूबाट पीप बगेर दुर्गन्ध फैलिरहेको थियो। एक खुट्टा फुलेको, एक हात सुकेर खङ्रङ्ग परेको औ मुखबाट र्याल, नाकबाट सिंगान बहिरहेको "ऐय्या माँ, ऐय्या माँ"— भनेर करुण क्रन्दन गरीरहेकोदेखि सिद्धार्थको दिल डगमगायो। त्यस दिन उनी फर्केर महलमा गए। अर्को दिन, बाटोमा रक्त, वीर्य, बोसो र मासु सुकेर शरीरै सुकुटे भई सकेको बूढालाई उनले देखे। त्यो बूढो लठीको भरमा, पनि तरमा ठस्--ठस् खोक्दै लग्--लग् काम्दै हिंडिरहेको थियो। त्यसको त्यो दुर्दशा देखेर सिद्धार्थको ठाडो शीर भुक्यो। त्यस दिन पनि खिन्न चित्तले उनी फर्केर गए। अनि अर्को दिन शहरको बाटो गरी बाजा-गाजा सहित लावा-अबीर छर्दै डाँको छाडी–

छाडी रुनेहरूको लास लगाई मुर्दा ल्याएको देखे, जसको यथार्थ कुरा थाहा पाउना साथ सिद्धार्थको कोमल हृदय छियाँ-छिया हुन लोग्यो। उनी फर्केर महलतिर गए। राती निन्द्रा पनि परेन। निदान एक दिन पहेंलो वस्त्र लगाएका सौम्य शांत मूर्ति भिक्षु वा संन्यासी चारैतिर शान्तिको वातावरण खडा गर्दै आइरहेको देखे। सिद्धार्थलाई तिनको छविले केही संतोष दियो। त्यस शान्तमय छविले धेरै मात्रामा आकर्षित पनि पार्‍यो। प्रत्येक घटनाको भित्री रहस्य थाहा पाउने गरी सिद्धार्थलाई सम्झाउने उनको सयस छन्दक थियो, जसलाई सिद्धार्थको बुद्ध पद प्राप्त हुने शिक्षाको प्रथम गुरु भन्नु पर्छ।

संसारमा आइपर्ने दुःख, कष्ट र व्यथाहरूमध्ये सब भन्दा प्राणघातक विशेषणले विभूषित व्यथाहरूको शिरोमणी प्रसूति-व्यथासित पनि स्त्रीजातिले प्राण बाजीलगाएर सामना गरेर आएका छन्, जुन व्यथामा केही तलमाथी पर्‍यो भने स्त्री जातिलाई काँचै कालले चपाइ दिनमा केही मान्दैन। त्यस्ता व्यथालाई यशोधराले सजिलैसित चपाएर छोरो जन्माइन। यो खबर संसारको वृद्धावस्था, रोगावस्था र मृत्यु आदि दुःख कष्ट देखि छटपटाईरहेका सिद्धार्थ कहाँ पुग्यो। अनि उनको मुखबाट यो निक्ल्यो :— कुलरूपी चन्द्रकोलागि राहु जन्म्यो (अर्थात् कुल समात्ने वा कुल थाम्ने छोरो जन्म्यो, म स्वतन्त्र भए)। बालकको नाम त्यसैले पछि राहुल हुन गयो।

अचल सुख—संपत्ति, अक्षय जवानी, अडिग स्वास्थ्य र अमृत्यु देह यी चार कुरा भूत, प्रेत, देव महादेव वा ईश्वर भनाउँदाहरू छन्

भनेता पनि उनीहरूले दिन सक्दैनन्, भन्ने कुरा पिता शुद्धोदन महाराजबाट सिद्धार्थले सुनि सकेका थिए ।

चिन्तनशील सिद्धार्थ एक दिन राती बिउँझे । त्यस बखत उनको कोठामा पानसको पिलपिले बत्ती बलिरहेको थियो । नर्तकी केटीहरू रंग–ढंग छाडी लठपरी सुतिरहेका थिए । सिद्धार्थको पलङ्देखि अलि पर नवजात शिशु च्यापी यशोधरा सुतिरहेकी थिइन् । भित्रको त्यो दृश्य बाहिरबाट चन्द्रमाले चन्द्रिका फैलाउँदै च्याइरहेका थिए । संसारको दुःख–कष्टको निदान कुन ज्ञानले थाहापाउन सकिएला ? संसारमा सुख–शान्ति कुन विधानको निर्माणले कायम गर्न सकिएला ? इत्यादि तर्कनाको दहमा चुलुम्म भएका सिध्दार्थको मनमा यो कुरा सुझ्यो । --'यो गृह--जालभित्र पाइन्न; जान परयो बाहिर खोज्न ।"— सिध्दार्थ उठेर एक पल्ट खोपीको चारैतिर सिंहावलोकन गरे । आखिर छोरो र धर्म पत्नी यशोधरातिर प्रेम र स्नेहभरी दृष्टि केन्द्रित गरे । सिध्दार्थले छोरो भएर स्वास्नीसित सोध्ने सम्म हिम्मत बाँध्न सकेनन् । लोग्ने मानिस आखिरमा स्वास्नी मानिस भन्दा कायर हुँदा रहेछन् भन्ने कलंक लिई उनी भागे । यही कायरतापूर्ण भगाइलाई काथर उपासकहरूले ठूले ठूले विशेषण सहितको त्याग "महाभि निस्क्रमण" भने । यस कुरामा अरूले जे भनुन्; म त यसलाई सिध्दार्थको कायरतापूर्ण बहादुरी भनि ठान्दछु । यो कुरो यहिं राखुं । उनी खूब दगुर्दै भाग्दै नेरन्जनाको तिरमा पुगे । वहाँ उनले आफ्नै हातले केशको शेष काली सन्यासको भेषलिए ।

जिज्ञासु सिध्दार्थ अनेक ऋषि, मुनि, योगी, परिव्राजक, धर्मगुरू अवधुत अघोरी र कुकमन्त्रहरूको मठ, मन्दिर, तीर्थ । आदिमा मात्र चक्कर लगाएनन्, उनीहरूको धर्म, कर्म, तर्क र दर्शनको पनि अध्ययन गर्दै नाना विधि साधन पनि साधे । फल, फूल, कंद मूल रुखको बोक्रा र पात घाँस गोबर, गोमूत्र र पानी मात्रै खाएर बस्ने र निराहार बस्ने कैयौं व्रत बसे । हात उठाएर एक खुट्टा टेकेर, टाउकोले टेकेर अनेकाअनेक आसन पनि लगाए । दिनमा कैयन चोटी नुहाएर होम पनि गरे । गर्मीमा पंचाग्नि पनि तापे । जाडोमा हप्तौं पानीमा डुबेर अनेक जप गरे । अन्न पात नखाने तपस्या गर्दा गर्दा श्वास सम्म रोकेर तप गरे । निदान शरीरको कल—पूर्जाले काम गर्न छाड्न लागेको के थियो, अर्थात् माया निर्मित देहमा विचरण गर्ने शस्त्र, अस्त्र, आगो, पानी र वायुले पनि केही गर्न नसक्ने अजर—अमर अखण्ड—आत्मा भनाउँदो तर शरीरमा खान—पानको कमी भएर वा शस्त्र प्रहारको केही बल माथि परयो कि सुईकुच्चा ठोकनामा सब भन्दा बहादुर आत्माले आफ्नो बहादुरी देखाउन के आटेको थियो, सिद्धार्थले आफूलाई सम्हाली हाले । संसारमा त्यसै पनि दुःख कष्टको मात्रा बढ्ता छ ; फेरि यस्ता दुस्कर चर्या वा तपस्याको फेरमा परी मनुष्य न बाँच्नु गराउने साधन आदिलाई धर्म मान्नु मनुष्यको सबभन्दा ठूलो मूर्खता हो । यो सब मानिसलाई माथिल्लो स्तरमा उठाउने बोधिचर्या होइन, बरन, मानिसलाई खसाल्ने ढोंगी चर्या हो भन्ने कुरा सिद्धार्थलाई यथार्थ बोध भयो ।

होसमा आएका सिद्धार्थले आफ्ना साथी पंचवर्गीय ब्राह्मणहरूसित बोल्न सकेनन् र इशाराबाट भोजन मागे। पंच वर्गीय ब्राह्मणहरूले पनि इशारा बुझी भिक्षाटनबाट ल्याएको मूगीको रस उनलाई पिउन दिए, मूगीको रसको प्रतापले तपस्याको मूर्खताबाट सुकेको शरीरमा बिस्तार बिस्तार संजीवनीको काम देखायो। पछि उनी स्वयम् भिक्षाटन गर्न सक्ने भए। पंचवर्गीय ब्राह्मणहरूले उनलाई तपबाट खस्केको ठानी बनारसतिर लागे। सिद्धार्थ पनि समर्थ भए पछि गयातिर लागे। गया पुग्न पुग्न आँटेको बेलामा कुश बोकेर आउने एउटा ब्राह्मणसित उनको भेट भयो। उनी ब्राह्मणसित एक मुठा कुश मागी गया नजिकको एक विशाल पिपलबोट मनि आशन जमाउन सिद्धार्थ गए। त्यहाँ त्यस पिपल-वृक्षको भक्तिनी सुजाता नाम गरेकी बणिक कन्या थिइन्। तिनले "म तरुणी भए पछि, मेरो मनपर्दो लोग्नेसित बिहा भएर पहिलो पल्टमा छोरो पाए भने तपाईंलाई बलि चढाउँछु" भनी भाकल गरेकी थिइन्। सुजाताको सबै मनोरथ त्यही बेला पूरा भएको रहेछ र उनले आफ्नो पूर्णा नाम गरेकी दासीलाई "पिपल वृक्षलाई बलि दिऊँ, त्यहाँ सुग्घर सफा गरी आइज भनि अह्राई पठाएकी रहिछन्। पूर्णा आई हेर्दछिन् त साक्षात् पिपल भगवान् साकार रूपलिई बज्रासन मारी बसे सरह सिद्धार्थलाई बसेकोदेखी खुशी भै सारा हाल सुजातासित भन्न गइन्।

पूर्णाको मुखबाट सबै हाल सुनी सुजाताको हृदयमा उम्रेका ताम-सिक बलि चढाउने भावना लोप भयो र सात्विक भोग चढाउने विचार गरिन्। असल असल गाईहरूका दूधबाट खीर तयार पारी पूर्णासंगै

खीर चढाउन पिपल वृक्ष मनि स्वयम् सुजाता आइन् । पिपल मनि ध्यानावस्थित शान्ताकार शाक्यसिंहलाई तीनचोटि साष्टाङ्ग दण्डवत गरी उनीले खीरपूर्ण सुवर्णको पिण्ड पात्र चढाइन् औ सगौरव मेरु दण्ड ठाडो गरी "मेरो मनोरथ पूरा भए जस्तै तपाईंको पनि मनकामना चाँडै सिद्ध होस्" भनी आशीस दिएर गइन् ; आजकलकी स्त्रीले झैं मागेर होइन !

स्त्री-जातिमा पुरुष जातिमा भन्दा बढ्ता गुण सहिष्णुता र लिने भन्दा दिने उदारता भरिएको हुन्छ । पुरुष-जाति भ्रान्तिमा हराइरहे स्त्रीजाति स्वयम् क्रान्तिको अवतार लिन शक्छिन् । पुरुषजाति क्रान्तिले डाह भै छटपटाइरहेको बेला स्त्री स्वयम् शान्तिको रूप लिएर स्वस्त गरिदिन शक्छिन् ।

स्त्री-जातिमा गम्भीरताको कमी भए पनि कठोरता र सरलता व्यक्तिकै मात्रामा पाइन्छ । यदि त्यसो न भए मनोरथ सिद्ध गर्नलाई बलि चढाउन पर्ने जस्तो तामसी र राजसी भाकलको बदला पिपल भगवान् स्वयम साक्षात् शांतइष्ट ध्याननिष्ठ भएर विराजमान भैरहेका छन्, भन्ने सात्विक समाचार सुनेकाले उनलाई सुहाउँदो मधुर मिष्ट खीरको पात्र चढाउन गएकोमा पनि शंका लिनपर्ने हो । फेरि पिपल रूखलाई भगवान् ठानी बलिको भाकल गर्ने सहज बाल-स्वभाव भएकी सुजाताले साक्षात् शांतचित्त, ध्याननिष्ठ सौम्य मूर्तिलाई पाए पछि आफ्नो प्यारा छोरो चिरंजिवी होस् भन्ने इत्यादि आशीष लिएर जान पर्ने ठाउँमा उनले ( सिद्धार्थ ) कुनै महत्त्वाकांक्षा पूर्तिको लागी आसन बाँधिरहेको देखेर आशीष दिएर गइन् ।

स्त्री–जातिमा भएका यस्ता यस्ता गुण वा शक्तिहरूको सदुपयोग नगरी स्त्री -जाति प्रति शंका र घृणाको मात्रा बढाएर पुरुष जातिले ह्याच्दै आइरहेकोले मानवताको पूर्ण विकाश रोकिइरहेको हो भन्न सकिन्छ। त्यस स्त्रीको आशीश मिश्रित खीरको भोजनले मुमुक्षु सिद्धार्थलाई नया उत्साह भरिदियो, जुन उत्साहको प्रभावले सिद्धार्थलाई सर्व प्रथम मार ( मनो विकार ) लाई निमूल गर्न पर्छ भन्ने कुरा बोध भयो। उनले हिम्मत बाँधी त्यस मार सित ( मनो विकार ) घोर संग्राम छेडिदिए। वैशाख पूर्णिमाको गर्मीको दिन ढल्दै गैरहेको थियो; त्यसको बदला शीतल सिरी--सिरी समीर संग संगै सुधांसु (चन्द्रमा) आफ्नो मनोहर सुषमापूर्ण चन्द्रिका फैलाउँदै आइरहेको बेला शाक्यसिंह सिद्धार्थले मार या असारलाई सारले, अज्ञानलाई विज्ञानले, अहंकारलाई निरहंकारले, विकारलाई सुधारले, भयलाई निर्भय भएर, कामलाई निष्कामले, भ्रांतिलाई क्रान्तिले, क्रान्तिलाई शान्तिले, मोघलाई अमोघले, शोकलाई अशोकले, रागादिलाई विरागादिले जितिदिए। फेरि मारका आमा अविध्या, मार पत्नी-रती, अरती, तृष्णादिको साथै ईर्ष्या र इच्छालाई उपेक्षाले, कायरतालाई बीरताले जितेर आत्मवाद र उच्छेदवादलाई सम्यक्वादले जितिकन उनी सम्यक् संबुद्ध भए। अर्थात् राम्ररी बुझ्ने भए। छोटकरीमा, बुझ्ने भएर बुद्ध भए। उनले दुःख क्या हो; त्यो राम्ररी बुझे औ दुःखको कारण क्या हो त्यो पनि ठीकसित बुझे; दुःखको विनास क्या हो त्यो पनि जस्ताको त्यस्तै बुझे औ दुःख विनास गर्दा चाहिने नत्ति बाटो पनि बुझे, यही चार कुरालाई बुझेर उनी बुझक्कड भए,

अनि बुद्ध भए। यही चार कुरालाई उनले चतुरार्य सत्य (चार असल सत्य) कुरा भनी नाम राखे।

यही चतुरार्थ सत्यलाई धर्मको नाम दिई कुनै लिंगभेद, वर्गभेद र जातिभेद नराखी प्रचार गर्न उनी लागे। यही चार कुराको प्रचार गर्दै फिरंते वा घुमक्कडी जीवन यापनमा नै उनले आफ्नो श्रेष्ठता ठाने। यही श्रेष्ठताले भारती र नेपालीको संकुचित हृदयलाई विशाल पारी दिए। निस्फिक्री भएर आफ्नो विचार तथा संस्कृति प्रचार गर्ने हिम्मत ल्याइदिए, जसको प्रतापले आज भारतीय र नेपाली संस्कृतिलाई विश्व व्यापी हुने सौभाग्य प्राप्त भैरहेको छ वा भइसक्यो।

उनी बुद्ध हुन्, बुद्ध मानिस हुन्; त्यसैले उनको धर्मबाट मानिसको हरेक समस्या हल गर्न सकिन्छ। दुःख जानेर दुःखको कारण जानी दुःख उखाल्ने उपाय (बाटो) प्राप्त गरी दुःखको निर्मूल गर्ने कुरा यी चतुरार्य सत्यले सिकाउँछ। यही कुरा राजनैतिक मामलामा पनि सजिलैसंग उपयोगमा ल्याउन सकिन्छ। जस्तैः—कुनै देशमा जनता पराधीन छन् भने तिनीहरूले सर्व प्रथम आफ्नो पराधीनता के हो भन्ने कुराको गाँठोलाई राम्ररी फोएर हेर्न पर्‍यो। अनि पराधीनताको कारण फरि पराधीनताको विनाश वा स्वाधीनताको महत्त्व जान्न पर्‍यो। अनि पछि स्वाधीनहुने बाटो जान्नु पर्छ, जुन बाटोमा लागे पछि स्वाधीन होइन्छ। बस यस्तै किसिमले संसारको झगडा, तगडा, पाप, गरीबी, मूर्खतादि सबै सजिलैसित यही चार असल कुराबाट (चतुरार्य सत्य) हलगर्न सकिन्छ। झगडा, पाप, गरीबी, मूर्खता हटाउनु मानिसको

धर्म हो। यही कारण जानी बुझी सिद्धार्थले भोग—विलास छाडी धर्म प्रचारक भै फिरन्ते ( घुमक्कड ) भएर हिड्ने अठोट गरेका हुन्।

संसारमा दुःख छ! दुःख के त? जन्मनु दुःख, पराधीन हुनु दुःख, रोगी हुनु दुःख, गरीब हुनु दुःख, कमजोर बुजदिल हुनु दुःख, प्रियको वियोग र अप्रियको संयोग हुनु दुःख, बूढा हुनु दुःख, मृत्यु हुनु दुःख इत्यादि दुःख दुःख हो। दुःखको मूल मुहान के हो त? अविद्या हो! त्यसका हाँगा—बिगा चाही तृष्णा, आत्मदृष्टि, उच्छेद दृष्टि श्रो राग द्वेषादि हुन्। दुःखको विनाश के हो? अविद्याको विनाश, विद्याको प्रकाश, अंध विश्वासादि नाश भएर अर्हत सम्यक् संबुद्ध हुनु नै दुःख–विनाशको लक्षण हो। दुःख विनाश गर्ने बाटो के हो? (१) सम्यक् दृष्टि (२) सम्यक् संकल्प (३) सम्यक् कर्मांत (४) सम्यक् आजीविका (५) सम्यक् वाणी (६) सम्यक् स्मृति (७) सम्यक् व्यायाम (८) सम्यक् समाधि। यही आठ ओटा मार्गलाई बुद्धले आर्य अष्टांगिक अर्थात् आठ असल बाटोहरू भन्ने नाम दिएर सबैलाई बिना भेदमा बाँध्ने निश्चय गरे। यी आठ मार्गमध्ये कुनैलाई उलंघन गरेर केही काम पुऱ्याउन सकिएला? बुझ्नेलाई बुद्धले भन्छन्— कदापि सकने छैन। यही चार असल सत्य कुरा र आठ असल मार्गहरूलाई बुझेर कामगर्ने जुन सुकै मानिस पनि बुद्ध हुन सक्तछन्। किनकि बुद्ध मानिस हुन्। अतः मानिस बुद्ध हुन सक्तछन्।

"बुद्ध" शब्द ज्ञानी, ध्यानी जस्तै मानिसको कोशिसबाट प्राउन सकिने एक गुणवाचक पद वा विशेषण हो। जस्तै सिद्धार्थ गौतमले बुद्ध पद पाएर गौतम बुद्ध भन्ने नाममा परिवर्तित भए त्यस्तै कुनै दिल बहादुर भन्ने मानिसले बुद्ध हुने कोशिस गरेर सफल भएको खण्डमा दिल बहादुर बुद्ध भन्ने हुन सक्छ। आज सम्म वाद-विवाद र रहस्यको बादलमा चित्रित हुने त्राता र त्रातक रक्षक र भक्षक भूत प्रेत नाना देवता वा ईश्वर नै हुने वा उनीहरूको लिलाभूमीमा विचरण हुने लोभमा फसाएर आफ्ना अनुयायी बनाउने बुद्धको उद्देश्य होइन। उनी मानिस हुन, मानिसलाई उठाउनु मानिसले बुझ्ने काम कुरा बुझी मानिसलाई विकाशको पथतिर ल्याउने नै इनको मुख्य लक्ष हो।

सिद्धार्थले गौतम बुद्ध पद प्राप्त गरिसके पछि पनि केही दिन गयामा नै विश्राम लिइकन मात्र धर्म प्रचारको लाथि पश्चिम तिर प्रस्थान गरे। उनले बोधिज्ञान अथवा प्रज्ञापारमिता प्राप्त गर्नलाई सहारा पाएको पिपल वृक्ष त्यसबेलादेखि बोधि वृक्षको नामबाट प्रख्यात भयो। ज्ञान, विज्ञान, दानशील शान्ति वीर्य ध्यानादि द्वारा अनाचार अज्ञान कट्टर बूढी रुढी, अंध विश्वासादि ध्वंश गर्नलाई गौतम बुद्ध बनारस पुगे। त्यहाँ देखिन दुइ अढाइ कोश पर रमणीय वन, ऋषिपतन मृगदाव वनमा पहिलेका पंचवर्गीय ब्राह्मणहरू बसेका छन् भन्ने थाहा पाएर त्यता तिरै उनी लागे। पहेला वस्त्र लगाएका पिण्डपात्र लिएका शांत र सौम्य स्वरूप भएका संम्यक चालबाट अंधविश्वासको जाल

हटाउनलाई जंगल-मंगल गर्दै आइरहेका गौतम बुद्धलाई पंच वर्गीय ब्राह्मणहरूले देखे। पहिले त उनी प्रति उनीहरूको मनमा अश्रद्धा भयो तर पनि नजीक आइ पुगे पछि श्रद्धा बढ्दै गयो र हत्तपत्त उठी स्वागत गरी आसनमा बसाले। दुवै तिरबाट क्षेम कुशलको आदान प्रदान भए पछि बुद्ध वज्रासनी भै धर्मचक्रको मुद्रा गरी पंच वर्गीय ब्राह्मणहरूलाई दुइ अंजुली ठाडो पारेर भने— संसारमा मानिसले त्याग्न पर्ने दुइ अन्तहरू छन्। ( हीन आचरणहरू ) पहिले मोज मज्जाको जिन्दगी ( विलाशी जीवन ) मा लम्पट हुनु र दोश्रो नाना विधि तप गरेर दुःख दर्द भरी जिन्दगी बिताउनु; यी दुवै आचरण मानिसलाई गिराउने सुकाउने र कुहाउने हुन्। यी दुवैलाई तथागत ( बुद्ध ) ले यथार्थ बुझी पन्छाएर बीचको बाटो निकालेको छ। यही बाटो ( मध्यम मार्ग बाट मानिस बुझसुके उत्तम लक्षमा पुग्न सक्छन्। ती मार्ग हुन चतुरार्य सत्यर आर्य अष्टांगिक मार्ग।"— यति भनेर बुद्धले ती मार्ग-हरूको विस्तृत व्याख्या गरेर सुनाए औ सबको चित्त बुझाए।

यही उपदेश दिए काललाई बुद्ध धर्म-चक्र प्रवर्तन गरेको भनी संसार विख्यात भयो। त्यस धर्म-चक्रलाई पछिका शिल्पकारहरूले चक्रको रूप दिए। त्यही चक्र पछि सम्राट अशोकले शीला स्तम्भमा सिंह सहित अंकित गरेर गए। आज त्यही चक्रले भारतको राष्ट्रीय पाताकामा स्थान पाएर संमानित भैरहेको छ।

तथागत ( बुद्ध ) को धर्म सुन्दै-सुन्दै पाँचै ब्राह्मणहरूको भ्रान्ति क्रान्तिमा परिवर्तन हुदै गैरहेको थियो, संपूर्ण उपदेश सुनिसके पछि

क्रान्ति शान्तिमा परिवर्तन भयो । पाँचै ब्राह्मणहरूको शंका समाधान भए पछि निजहरूको हृदयमा बुद्ध प्रति अपार श्रद्धा उमडेर आयो । अनि ब्राह्मणहरू उठेर तीन चोटि साष्टाङ्ग दण्डवत् गर्दै भने— "बुद्धं शरणं गच्छामि, धर्मं शरणं गच्छामि ।" अनि ती ब्राह्मणहरू सर्व प्रथम बुद्ध—धर्म—शरण - गत भिक्षु बने । यी ब्राह्मणहरू पनि पंचवर्गीय भिक्षु भनेर प्रख्यात भए । बुद्ध, बुद्धले बताएको धर्म (बाटो) र उनका संघ शिष्य समुदाय, यी तीन थरिको शरणलाई त्रि-शरण र यो तीन थरिलाई त्रि-रत्न भनेर आज सम्म प्रख्यात भै आएको छ । यही मृगदाव वन (बनारस) बाटै बुद्धले संसारमा सर्व प्रथम प्रजातन्त्र ( Democracy ) र घुमक्कडी शास्त्रको घोषणा गरे "चरथ भिख्खवे चरिकाम बहुजनहिताय बहुजन सुखाय । अर्थात् भिक्षुहरूहो, धेरै जनका हितको लागी, ज्यादाको सुखको लागि घुम... घुम...! आज दुनिया भर हिंसक जंतुहरूको भन्दा भयानक लडाई र झगडा मानिस मानिसमा किन ! यही बुद्धको जन तंत्रात्मक धर्म बहुजन हिताय सुखायलाई छाडी उसैलाई स्वार्थ र अंध विश्वासको साधन [ ढोंग ] बनाएर धूर्त र स्वार्थ अल्पजनहिताय, सुखाय धर्मतिर अंधो भएर ठूला ठूला [ब्राह्मण क्षत्री र वैश्य] मात्रको हित सुख हेरी अरू सारा संसार म्लेछ, छुनै हुन्दैन, मुसलमान मात्र खुदाको अगाडि स्थान पाउने अरू सबै काफीर अधर्मी दण्डनीय भनेर गोरो जाति मात्र उत्तम अरू सधैं दास भनेर अरूलाई हेला आफूलाई ठूला भने जस्तो भएकोले आज समाजवाद साम्यवाद जस्तो बहुजन हिताय—सुखाय वादको प्रचार र प्रसारमा ढिलाई आइरहेको हो ।

धर्मको नाममा बाख्रा बोका पंछी मारेर नपुगी गाई, घोडा औ मानिस सम्म मारी (गो-मेध, अश्व-मेध र नर-मेध गरी) राजा, महाराजा, सेठ र पुरोहितहरूले नाँङ — रकसी, स्त्री—पुरुष — संभोगको बाहुल्यताने मानिस जिन्दगीको चरम लक्ष मान्ने भोग—बिलास लंपटहरूको बाटो र आत्म — शुद्धि, स्वर्ग - प्राप्ति र मोक्ष—प्राप्तिको स्वरुप भयंकर क्लेश दायक नाना विधिका तप - ब्रत जप-बाट नराम्रोसित प्राण सम्म धात हुन शकदछ; एकातिर पन्छाई बुद्धले सजिलै संग ज्यादा क्लेशले चित्त वृत्ति न बिग्रने औ ज्यादा मोज मज्जामा डुबेर लम्पट हुन नपाउने फराकिलो बाटो "बौद्ध धर्म या बौद्ध मार्ग अथवा बुद्धको बाटो — अर्थात् मध्यम मार्ग (बीचको बाटो)" निकालेका हुन्। बुद्धकै कार्य— प्रणालिका तरीका समान मार्कस बाबाले अल्पजन पूंजीपतिहरूको चुस्ने प्रवृत्तिलाई रोकेर तथा बहुजन किसान, ज्यामीहरूको जीवन—स्तर माथिल्लो तहमा पुऱ्याउन साम्यवादी मत निकालेका हुन्। बुद्धले मनुष्यलाई बुद्धि र ईश्वरादिबाट पनि स्वतन्त्रता दिएर दिमागी आजाद बनाएका थिए औ शोषक तथा शोषित भन्ने हटाउनलाई केवल आफनो शिष्यमण्डललाई ब्यक्तिगत सम्पति राख्ने अधिकार देखिन् बंचित राखेका थिए। तर आफनो शिष्यमण्डल देखिन् बाहिरको समाजमा रहेका सामन्तवर्गका अल्प जनलाई उनको (बुद्धको) पूर्व जन्मवादले पूर्व जन्मको फलले पाएका सुख भनी समाजमा लूट गर्ने तथा शोषण गर्ने सामन्ती प्रवृत्तिको ढोका खुलै राखिदिएको थियो। तर मार्कस बाबाले त्यहाँ जस्ता अन्ध विश्वासलाई स्थान नदिइकन आर्थिक र राजनैतिक बन्ध-

बाट मुक्त हुने बाटो साम्यवाद दिएर वाम व शोषक तथा पुरोहित वर्गको स्थान रिक्त गरिदिए ।

बुद्ध राजका छोरा हुन् । २९ वर्ष सम्म हजारौ केटीहरूको बीचमा काँटले राजमी भोग–विलास उडाएका हुन् । राजा महाराजा पुरोहित, सेठ, साहु अल्पजनहरूले बहुजन किसान श्यामी दासहरूलाई अनेक छल र बल द्वारा अत्याचार गरी विलासी जीवन बिताएर आएका कुरा यथार्थ उनलाई थाहा छ । स्वयम आफैंले भोगेका पनि हुन । त्यसैले उनलाई बहुजनले भोग्न परेको हविगत पनि थाहा भएको हो । यही सब कुराले गर्दा उनले गंभीर विचार गरेर बहुजन हिताय बहुजन सुखाय मार्ग आविष्कार गरेका हुन् । संसारमा बहुजन हिताय सुखाय नारा लगाए र मात्र होइन, गरेर गराएर आफू र आफ्ना अनुयायीहरूलाई चारै दिशा तिर फैलाएर उनी गए ।

जंगल, गुफा, कुटी तीर्थ स्मसानादिमा विचरण गर्ने र बस्ने धर्मको नाममा मरी मरी दुःख भोग्ने तपस्वी सन्यासी नागा अवधुत अघोरी करपात्रीहरू कहाँ, घुमी घुमी बुद्धले आफ्नो धर्मोपदेश द्वारा क्लेशमय तपादिबाट मुक्ति दिदै सजिलो मध्यम मार्गमा ल्याउदै हिडे । नगर ग्राम बस्तीमा पनि घुमी घुमी उनी र उनका शिष्यहरूले पुरोहित द्वारा ठगिएका कट्टर बूढी रूढी अमानवीय प्रथा जस्तो कि–जाति भेद मानिस, घोडा गाई आदि मार्न पर्ने पूजामा फसेका भूत प्रेत दौता ईश्वरादि भनाउँदाहरूका शारीरिक, मानसिक दास

भएका भोज-मज्जा गर्दै भयंकर रोगजनक विलासी जीवनमा लंपट भएका मानिसहरूलाई पनि सजिलो मैत्रीयुक्त सुख शान्तिमय मध्यम मार्गीय समाज व्यवस्था शिकाउँदै गए।

बहुजन हिताय, बहुजन सुखाय लोकतंत्र कार्य-क्रम द्वारा लोक-जन सुखी शांत र प्रबुद्ध गर्दै हिडिरहेको हुनाले बुद्ध धर्म र संघ (शिष्य मण्डली) को ख्याति चारै तिर गुन्जन लाग्यो।

एक दिन बुद्धका पिता शुद्धोधन महाराजकहाँ पनि उनको ख्याति पुग्यो। अनि बयो वृद्ध राजाको हृदयमा पुत्र-स्नेह र धर्म प्रति श्रद्धा उम्लेर आयो। राजाले पुत्रलाई येनकेन प्रकारेण दर्बारमा ल्याउन-लाई निपुण दूतहरू पठाए। पिताको संदेशपाई बुद्ध पनि शिष्यगण सहित कपिलवस्तु तिर प्रस्थान गरे। जात पातमा छूत अछुतको ख्याल नराखी जुनघाट जे भोजन पाए त्यसैघाट पेट पूजा गर्द आएका बुद्ध हजारौं शिष्यसहित कपिल वस्तु नगरमा पुगे। निज सिद्धार्थ (बुद्ध) को स्वागत निम्ति आएका लसकरहरूको भीड थियो। ब्रह्मचर्य बलले बल्दो बुद्धको छवि तथा शिष्य मण्डलीको शांत स्वभाव देखे शुद्धोधन महाराज पुरोहित र भाइ-भारदार सहित रैति अर्थात् प्रजा सबैमा श्रद्धाको बाढी उर्लेर आयो। उपस्थित सबैले नमस्कारपूर्वक दण्डवत् गरे। महाराज शुद्धोदनको आँखाका पानी त्यसै त्यसै छचल्कियो। यी सब दृश्य देखेर बुद्धले धर्म उपदेश [illegible] "प्रमाद (बेहोश) मा नफस, आफूलाई आफैले उठाऊ। [illegible] उठाउन सक्दैन। तथागत बुद्ध केवल बाटो देखाउने हुन्।

असल धर्ममा राम्रो आचरणसहित लाग। धर्मको आचरण गर्ने मनुष्य आखिर सम्म सुखी रहन्छन्।"

यस उपदेशमा कसैलाई आफ्नो शरणमा कसैलाई दास बनाई आफू बाहिं त्राता कर्ता धर्ता बन्ने गंध छैन। गर्ने गराउने म छु पाप देखिन् न डरा, सबै पापबाट मैले तारीदिन्छु भन्दै पापीलाई भए पनि आफ्नो भक्तवा खुसामदी बनाउन खोजेको देखिंदैन। मेरो पूजा स्तुति भक्ति भाव कहीं न जाओस् भन्ने लक्ष लिएर जसले जसले मलाई जे जे भावना गरेर भजेता पनि सोही सोही म भइ दिउँला भनेर, चोरको चोरी डाँकाको डकैती, अन्यायीको अन्याय, कामीको रति, जुआरीको छलकपट, बलियाको बल, ज्यानमाराको काटमार र पापीको पाप समेत म हुँ भन्ने भक्तवत्सल भगवान् भनाउँदा उनी होइनन्। उनी कसैको त्राता हुने दावा पनि गर्दैनन्। अपितु मार्ग द्रष्टा मान्दछन्। त्यसो न भएको भए उनीकहाँ पिता शुद्धोदन महाराज, रानी, गुरु पुरेत भाई भारदार र प्रजा सबै आइ सकेर पनि आौ सो खवर पाउँदा पनि नगएकी यशोधरा कहाँ उनी स्वयम जाने थिएनन्। कैयौं वर्ष पछि भेट भएका पतिलाई भेट्न नगई "मेरो पनि केही शक्ति संसारको लागि उपयोगको खातिर छ भने उनी स्वयम (बुद्ध) म कहाँ आउनेछन्"— भनी बसिरहने शक्ति यशोधरामा हुँदैन थियो। यशोधरा बुद्ध जस्तो कायर निर्दयी होइनन्। नवजात शिशु, प्रसव वेदनाले पीडा दिन नछोडेकी स्वास्नी-लाई एक चोटि सम्म सोधेर जाने हिम्मत नभएको लोग्ने जस्तो स्वास्नी होइनन्।

उनी नारी हुन। उनी बुद्ध महाबुद्धलाई पनि जन्माउनु सक्ने जाति नारी हुन्। नारी जाति पुरुष झैं स्वार्थी दगाबाज हुँदैनन्। पुरुषले नारी माथि अत्याचार गरेर ज्यादा आफ्नो मर्यादा राखे; पुरुषले नारी जातिको निमित्त के गरेनन्! प्रसव-वेदनाले पीडिता स्वास्नीलाई वियोगको पीडा दिएर सर्वार्थसिद्ध बुद्ध भए। अग्निपरीक्षा भन्दा आगोमा कुदाकी गर्भ-वतीलाई वनमा धपाइकन पनि नपुगी जमीनमा गाडेर मारी पुरुषोत्तम पनि पुरुषनै बने। इत्यादि भएर पनि नारी जातिको दयापात्र हामी पुरुष जाति छौं। हामीमा जति निर्दयता र निष्ठुरता स्त्री–जातिमा भएको भए संसारको गति आज भन्दा दुर्गति हुने थियो। स्त्रीमा कठोरता छैन रे; कोमलता ज्यादा छ रे! स्त्रीमा कोमलता र कठोरता त्यतिकै छ। तर स्त्री–जातिले ती गुणहरू पुरुषले झैं आफ्नो मान र स्वार्थ रक्षाको लागि खर्च गर्दैनन्।

स्त्री–जातिमा कठोरता नभएको भए प्रसव–वेदना कसरी सहिन, सहँदै आइन्! त्यतिकै कोमलता न भएको भए भरखर जन्मेको कोमल बालकलाई कसरी हुर्काएकी होलिन्!

शुद्धोदन महाराजले आफ्ना पुत्रलाई संन्यासी भेषमा देख्ता रोए, पाउ परे, तर उनकी पत्नी यशोधरा हेर्न सम्म गइनन्। आफू कहाँ आएका पतिको अगाडि आफ्नो गुनासो सम्म सुनाइनन्, रुने कुरा त परैं आक्रोश। आफ्ना प्यारा राहुल कुमारलाई संन्यास दिदा एक शब्द केही भनिनन्। त्यत्तिकै शिर ठाडो पारेर हिंडिन्। तर नाति राहुललाई छोराले भिक्षु (साधु) बनाए भनेको खबर सुन्नासाथ नराणाम् नराधिपो परमेश्वर

भनाउदाका अंश भएका राजा शुद्धोधन दर्दा–दर्दा कैयन चोटि मुर्छा परे। स्त्री जातिको प्रबल शक्ति देखेर पनि बुद्धले स्त्री–जातिलाई आफ्नो बौद्ध संघमा स्थान दिनमा आनाकानी गरिरहे। यस आना कानीले बुद्ध भएर पनि पुरुष जातिमा कायरता र बैगुण छन् भन्ने प्रमाण दिन्छ। तर उनी स्त्री–शक्तिको अगाडि झुके;— अर्थात् स्त्री–जातिलाई पनि प्रव्रज्या भिक्षु-चर्या प्रदान गरी भिक्षुसंघमा सामेल गराउन उनलाई करै लाग्यो। गृहस्थ औ बौद्ध नियममा पनि पुरुषको र स्त्रीको कर्तव्य वा हक एकै नाश भने जस्तै गरिदिए। तर लोग्ने ब्राह्मण भए स्वास्नी ब्राह्मणी, लोग्ने राजा भए स्वास्नी रानी, सुब्बा भए सुब्बिनी, मास्टर भए मास्टर्नी हुने तालको कुरो चाहीं बुध्दले दिएनन्। सुब्बिनी, रानी, ब्राह्मणी हुनलाई सुब्बा, राजा, ब्राह्मणको काम गर्नै पर्छ। कामैबाट मात्र मानिसको दर्जा बढ्दछ; नत्रभने कसैको स्वास्नी वा लोग्ने, बाबु वा आमा ठूलो हुँदैमा कुनै स्वास्नी वा लोग्ने छोरा वा छोरी ठूलो हुन्छ भन्ने अर्थ— दरतुर बुध्द मान्दैनन्। बुध्द मानिस मानिसमा जाति भेद मान्दैनन्। कर्म अनुसार कामको ख्याल। हुन्छ भन्ने कुरा मान्दछन्।

कर्म भनेको काम हो, भाग्य होइन। वास्तवमा बुद्ध कर्म— फल मान्दछन्; कर्म वा कामबाट नै पुरुष ब्राह्मण हुन्छन्, स्वामी हुन्छन्, राजा हुन्छन् औ वैज्ञानिक हुन्छन्। त्यसै गरी स्वास्नी मानिसहरू पनि कामैबाट ब्राह्मणी, स्वामिनी, रानी, वैज्ञानिकनी बन्छन्, जात वा लोग्नेबाट हुने होइन। जातबाट ठूला, साना छुटयाई राखेको त अत्याचार चाण्डालहरूको काम हो, मानिसको होइन। बुद्ध मानिस हुन्। मानिस बनाउने कुरा उनी भन्दछन्। " उन्नतिशील बन

आलसी शिथिल नबन, बुद्धिमान मित्रवान् बन। (विपद्ग्रस्त मानवमात्रलाई) समर्थ बन, वक्ता बन, असमर्थ जन को सेवा गर मैत्रिय युक्त बचन बोल, अहंकारी नबन, न्यायको पालन गर, स्मृति र संकल्प ठीक राख, राम्रो आचरण र असल रोजगार गर। उनी मानिस हुन्, त्यस कारण अव्यावहारिक लम्फू कुरा उनी गर्दैनन्। उनी मानिसलाई भन्छन्—अर्थ सहितकै कुरो होस् ता पनि अनर्थ र राग द्वेषको कारण हुन आए आर्य मौन लिनु ठीक पनि हो। व्यर्थको वितण्डा वादी हुनु बेकार छ।

अतः बुद्ध कट्टर या कोरा आदर्शवादका पति विरोधी थिए भन्ने कुरा पनि सिद्ध भएको छ। एक दिन एक सभामा उनका भाइ देवदत्त भिक्षुले यी पाँचवटा प्रस्ताव राखेका थिए लुम्रे फुत्रे वस्त्र सिवाय अन्य सुन्दर वस्त्र भिक्षुहरूले लाउन पाउँदैनन (१) डुलेर भिक्षा ल्याएको जहाँ बस्यो त्यहीं ल्याएर कसैले भिक्षा दिन्छु भने मात्र भिक्षुहरूले खान पर्छ। (२) कुनै प्रकारको पनि मासु भिक्षुहरूले खान हुदैन। (३) वर्षा, गर्मी, शीतल जस्तै सुकै भए पनि वृक्षै खसेता पनि कसैको घर पौवा पाटी भित्र पस्दै नपस्ने। (४) स्वास्नी मानिस संग बोल–चाल र देखा–देखी पनि नगर्ने। (५) यी पाँच गर्न नहुने नियम भिक्षु संघमा लागु गर्नै पर्छ भन्ने प्रस्तावलाई बुद्धले आना कानी नगरिकन बिल्कुलै सोभै त्यो प्रस्ताव अव्यवहारिक भएको हुनाले बुद्ध धर्म संघमा लागु गर्न शक्दिन भनी ठुकराई दिए।

कुनै कसैको टीका टिप्पणीबाट डराएर आदर्शलाई छाडी फितलो

...मा विचरण गर्ने पनि उनी होइनन् । एक दिन श्रावस्तिमा ...नाठ डराएको अतुललाई उनी भन्छन्— हे अतुल ! यो ...नो नियम हो । धेरै बोल्ने र बोल्दै नबोल्नेलाई पनि निन्दा गर्छन् । संसारमा निन्दा नै निन्दा र प्रशंसै प्रशंसा भएको कुनै पनि छैनन् । हुने पनि छैन र छँदा पनि छैन । जानिफकारले मात्र निन्द-...कार्यलाई निन्दा अो प्रशंसनीय कार्यलाई प्रशंसा गर्दछन् । एक दिन श्रावस्तिमा नै एक सुस्त होरलङ्गे भिक्षुलाई देखेर उनले भने— कुशलाई राम्रो समाल्न सकेन भने घाउ पारी दिन्छ । ...( भिक्षु ) जीवन राम्रो निभाउन सकेन भने दुर्गतिमा ( ...दशा ) पुर्‍याउछ ( त्यसैले ) केही गर्नु नै छ भने राम्रो ...काले दृढ, पराक्रम पूर्वक गर, किनभने फितलो संन्यासी धुलो मात्र उडाउने हुन्छ ।

पराक्रम छाडी कसैको भरमा किन फितलो भए र भरपर्ने ! आफ्नो काम कसले गरी दिन्छ यद्यपि कसैकोकाम कसैले सकाइ दिन्छ भने मानिसहरू, कामचोर, ठग भएर जाने छन् । आफ्नो कर्तव्य छाडी भरपर्न आउने भक्तलाई भर दिने कुनै भगवान छ भने त्यो चोर ठग र अलच्छिहरूको सर्दार हो । यस्ता चोर, ठग, अलच्छीहरूको सर्दारलाई मात्र कुनै पनि मानिस मनुष्यसमाजको, मनुष्यताको कसीमा निकस्वर उत्रदैन । त्यस्ताले ठग र लुच्चा हरूलाई उठाउँछन् । एक दिन श्रावस्तिमा बुद्ध छदा कुमार कश्यपलाई उनी भन्छन् - " आफ्ना मालिक ( नाठ ) आफै हो, आफू

भन्दा ठूलो मालिक को हुन सक्छ ? आफूलाई आफैले ( खराब काम कुराबाट ) सुरक्षित राख्यौ भने, दुर्बलका नाथ आफै हुन सक्निन्छ।"

फेरि एक दिन बुद्धले चूलकाल भन्ने साधुलाई भन्दछन्— "आफूले गरेको पापले आफैलाई पापी ( दुर्दशाको पात्र ) बनाइदिन्छ, एकको पाप एकले निष्पाप गर्न शक्दैन। फेरि एक दिन नंगरथेर नाम गरेका एउटा व्यक्तिसंग उनी भन्दछन्— "आफूलाई आफैले उठाऊ औ आफूले आफैलाई परीक्षा गर, जो आफूलाई जान्न सक्छ त्यो सुख पूर्वक रहन्छ। आफ्नो नाथ ( मालिक ) आफै, आफ्नो गति आफै छन्। त्यसकारण व्यापारीले आफ्नो सामान बोकाउनु पर्ने अथवा आफै चढनु पर्ने घोडालाई स्याहारेर राखे भैं आफूले आफैलाई स्याहारेर राख। आफूलाई आफैले नियन्त्रण गर्न नशकने भए आफूलाई आफैले शत्रुले नदिएको कष्ट दिन्छ भनेर पनि बुद्ध उपदेश दिन्छन्।

आखिर "हामी" वा "म" भन्ने छ कि छैन ? अघि थियो कि थिएन, पछि पनि रहन्छ कि रहँदैन ? हामी या विश्व—ब्रम्हाण्ड कसैले बनाएर बनेको हो कि, त्यसै बनेको हो ? कसैले बनाएकै हो भने त्यो को ? कस्तो ? यो सृष्टि अनादि हो कि, आदि ? यो अनन्त हो कि सान्त ? इत्यादि प्रश्न शायद प्रश्नोत्तर गर्न जाने भए देखिन् भएर आएको होला। यसको उतर धेरैले यस प्रकार दिएका छन्। यो सबै बनाउने बिगार्ने ईश्वर हुन्। ( कसैले ) अनादिकालमा ( कसैले ) आदिकालमा बनाएका हुन्, उनै चराचर जगतका

मालिक या कर्ता--धर्ता र संहारक हुन्। उनलाई हामीले देख्न र छुन सक्दैनौं। उनले हामीलाई देखिरहेका छन्। उनले हामीलाई जो गराउनु गराइ राखेका छन्। जप, तप, भजन प्रार्थना पूजा पाठ व्रतादि द्वारा उनको दर्शन गर्न सकिन्छ। ती विधिहरू द्वारा उनलाई खुशी तुल्याई वरदान लिन सकिन्छ। उनी ईश्वर निराकार साकार निरंजन अलख तेज-पुन्ज, केटाकेटीहरूको बीच रमाइरहने अपसरा वा गोठा-लनीहरूसित रमिरहने दाह्रीवाल, हजारौं टाउके, हजारौं हाते, चार टाउके लक्ष्मीको पोइ, पार्वतीको नाङ्गो पोइ, जगत्को आमा, इत्यादि हजारौं प्रकारबाट उनलाई मान्दछन्; मानिआइरहेका छन्। तर आज सम्म सप्रमाण कसैले यो तथ्यलाई ठीक तवरदे देखाउन सकेका छैनन्। छन् र हुन् भन्ने कुराको प्रमाण धर्म-ग्रंथ सिवाय अरू केही देखाउन सकेका छैनन्। त्यसमा पनि अरू नास्ति। त्यो पनि ग्रंक प्रमाणहरू परस्पर एकदम विरोधी छन्। तर जुन ग्रंथ पल्टाएर हेरेपनि आएका प्रमाण अमानवीय, ईश्वर-कृत र अकाट्य मान्नु पर्छ। नत्र महाशय, अतिसय नास्तिक पापी म्लेच्छ र काफिरादिक गालीको भागी बन्नु पर्नेछ। किनभने ती धर्म-ग्रन्थनै शाश्वत प्रमाण रे। यी ईश्वरकृत ग्रन्थ प्रमाणवादीहरू साथ। ईश्वरकै अंश मान्दछन् र लडदछन् पनि। एकै सिद्धान्त मान्नेहरूमा पनि कोही गोरा र काला भनेर कोही ईश्वरका शरांश भुजांश जांघांश र खुट्टांश (ब्राहुन, क्षेत्री, वैश्य र शुद्रादी) भनेर घृणादिर लडाई आदि यिनीहरू सैद्धांतिक मत भेदको साथ-साथै मान्य देवता, पशु-पंछीहरूको पक्ष-विपक्ष भएर पनि झगडा गर्दछन्। यिनीहरू कोही आफूलाई साकारवादी निराकारवादी अद्वै-

तवादी, द्वैताद्वैतवादी विशिष्ट द्वैतवादी, शुद्ध द्वैतवादी, शिवाद्वैतवादी श्रो श्रद्वैतवादीको साथै अनेक देवता-पूजक, भैंषी पूजक, बिरालो पूजक, बानर पूजक, गोद्ध पूजक, चील पूजक, काग पूजक, कुक्कुर पूजक, गाई पूजक, सुंगुर पूजक, नाग पूजक इत्यादिहरूमा आपसमा वाग बाहु र शास्त्रास्त्रको पनि युद्ध चल्दछ। युद्ध आज सम्म चल्दै छ। कहिले टुंगिने हो थाहा छैन। यी ग्रन्थलाईनै सास्वत प्रमाण मान्ने ईश्वरवादिहरू एउटै ईश्वरका संतान आफूलाई घोषित गर्दा गर्दै पनि धर्म श्रो ईश्वरकै नाउँमा कैयन् चोटि रगतको खोला बगाउन चुकेका छैनन्। अझै बगिरहेछ त्यो रक्त। बन्दहुने निश्चित छैन।

आपद ग्रस्त व्यक्ति कल्पित स्लोक, वाक्य, स्तुति कवि—कल्पित काव्य, महाकाव्य, पुराण इत्यादि धर्म ग्रंथ जुन कि अकाट्य छ; त्यस्ता ग्रंथ प्रमाण बग्गी घोडाको तर्क "मेरो मोरुको बाह्रै टक्का" भन्ने सिवाय अरू केही हुन शक्तैन। अर्थात् वैज्ञानिक खोज र तर्कबाट निकलेको कुरा उनीहरूको ग्रंथ विरूद्ध पर्न आयो भने द्वेष र रीसले आगो भई आफू र अरुलाई पनि भस्म गर्नलाई वेर मान्दैनन्। यिनीहरू ईश्वर छ भन्ने कुरामा सब भन्दा ठूलो प्रमाण यस किसिमले दिन्छन्— अर्थात् कुनै पनि वस्तुको आविस्कार गर्दा त्यसको कर्ता हुन्छ भने, यो विश्व ब्रह्माण्डको कर्ता कसो न होला? अतएव यो विश्व सृष्टि गर्ने एउटा कर्ता अवश्य छ; त्यो कर्ता ईश्वर हो। तर ती

महात्मा जो कर्ता छ भनेर जोड दिन्छन् तिनीसंग "सबैको कर्ता चाहिन्छ भने ईश्वरको कर्ता हुन पनि त आवश्यक छ नि ?" भनेर प्रश्न गर्न सकिन्छ। तब खै त ईश्वरको कर्ता ?— भनी सोद्धा, शास्त्रमा लेखिएको छैन, "ईश्वरको पनि कर्ता हुन्छ" भन्ने जवाफ सिवाय अरु क्यै जवाफ दिन सक्तैनन्। तब मैगो, "ईश्वर" आफै कर्ता भए, ईश्वर कस्ता छन् ? भन्ने सवालको जवाफ सबैले आफ आफ्नै ढंफु बजाएको अवाजमा ग्रन्थ प्रमाण सिवाय अरू कुनै तथ्य दिन सकेका छैनन्। त्यो धर्म पिच्छे एक एक प्रमाण भएकोले त्यो धर्म बिल्कुलै विवाद-ग्रस्त भएको छ। त्यो परस्पर विवाद-ग्रस्त प्रमाणवादले मानिस काटमार ग्रस्त अवस्थामा पर्दै आइरहेका छन्। आज सम्म न ईश्वर आएर म यस्तो छु भन्न आए न त्यो विवाद र युद्धग्रस्त अवस्थालाई सुधार्न कोही आयो।

आज मानिस मानिसमा भेदभाव कसरी आयो ? त्यही ईश्वर र अकाट्य प्रमाण ग्रन्थहरूको मान्यतामा भेद भएर आयो। यो श्रृष्टि काल, श्रृष्टि कर्ता श्रृष्टिको कार्यक्रम, ग्रन्थ प्रमाण विषयको कुराको जवाफ आज सम्म संतोष जनक कसैले दिएको छैन, तर पच्चीससय वर्ष अघि बुद्धले तत् सम्बन्धी सवालको जवाफ यसरी दिएका थिए :— तिम्रो श्रृष्टि सम्बन्धी कुराको जवाफ मबाट वा कसैबाट वास्तविकता पूर्ण नपाइ कन त्यो मूर्ख जस्तो मर्न छ, जो वनमा डुलि रहदा कसैले हानि ल्याएको विषयुक्त वाण छातीमा लाग्दा कुनै उपकारी वैद्यले "वाण विषयुक्त छ चाडै झिक्नु पर्छ" भनी ...

झिकि दिन्छु भन्दा— "यो वाण कसरी कसले बनाएको; कसले किन कहाँबाट कहिले हानि ल्याएको, यो वाण नाशवान् हो कि नित्य रहने हो ? यी सबैको जवाफ राम्रो चित्त बुझ्नेगरी नपाए सम्म यो मेरो छातीबाट वाण झिक्न दिन" भनेर लिडे खिपी बस्दै भयो। मानौं अब कुनै बटुवा टनटलापूरी घाममा मरू भूमिबाट आईरहेछ, उसलाई गर्मी प्यास र थकाइ आदिले खिपनै सताइरहेको छ, अलि टाढा वृक्ष युक्त गुफा र कूँवा युक्त सानो थुम्को छ, त्यहाँ पुगी त्यो मानिस वृक्षको छायामा बसी कुवाको पानी पिउनु भन्दा अघि, यो थुम्को र वृक्ष कुवाँ कसले कसरी कहिले किन बनायो, यो रहिरहने हो कि: बिग्रेर जाने हो ? यस कुराको पूरा प्रमाण नपाउन्जेल म यहाँ पस्न पनि पर्सादिन, पानी पनि पिउँदिन भनी त्यो मानिस त्यहीं छभपसार परेर बसि रहयो भने अथवा कहीं गएर मृत्युमा प्राप्त भयो भने त्यस्ता किसिमका मानिसलाई के भन्ने ! बस, यही हाल प्राणांतक कष्ट दिदै बाहिर निस्केर दूध चुसुन्ज्याल गू, मूत सोहर्याउन ज्याल "आमा, आमा"– फेरि पछि स्वास्नी मानिस नर्कको द्वार, खुट्टाको जुत्ता भनी कुलघ् बनी मेरी असल आमा कुन; बाबु कुन ! म कहाँबाट किन कसरी कहिले निस्के ? अब कहाँ जाने ? — भन्दै भएको आमा-बाबु छाडी आकाशमा खोज्न जाने, जन्मे पछि गर्न पर्ने कर्तव्य छाडी संसार श्रृष्टि कर्ता खोज्न जाने, आफूलाई बनाउने आमा बाबु बाही जंजाल भन्नेहरुलाई पनि म त बाण काण्डबाट र गुफा भित्र बस्ने भन्ने मूर्खको खालमा गन्द छु। कोही कोही भन्छन्— "यो संसार गरिरहनु फजूल हो। संसार बनाउने बिधाने सबै उनै

प्रभू हुन् । भगवत् भक्त बन, खुदा खुसामदी बन, यी सब उनैका हुन्, अर्थात् केवल "प्रभूको करुणा पाई गर्छन (सब) निज निज कर्म रमाई" केवल प्रभुले करुणा दक्सी अन्यायीले अन्याय, शोषकले शोषण, बलात्कारीले अबला माथि बलात्कार इत्यादि दुष्कर्मीहरूलाई दुष्कर्म गराएर बहुजन दुःखाय बहुजन अहिताय गराई छटपटाईमा किन -राखी छाडी बक्सेको नि !

यी सब आफ्ना-आफ्ना कर्मका भोग हुन् । अबु हो, उनै प्रभूको पाउ सम्झेर आर्त र दीन भएर पुकारा गर, भजन गर, पूजा पाठ गर, धर्म गुरुजनहरूलाई भोजन गराऊ, निष्काम भएर प्रभुको नाम जप गर, प्रभु दीन-बन्धु भक्तवत्सल हाई बक्सिन्छ, र सब ठीक गरी दिइबक्नु हुन्छ भन्छन् । आफ्ना आफ्ना कर्मको फल (कामको ज्याला) भए तो प्रभूसित के को नाना विधिको खुसामद ! (भजनादि) केको घूस । [पूजादि] खुसामद र घूसबाट खुशीहुने प्रभू भए तो घूस-खोर र खुसामद खोर प्रभु उनै अन्यायी शोषक बलात्कारी दुष्कर्मीहरूले नै ज्यादा रिझाउन सकछन् । किनभने उनीहरू सित धन संपति ज्यादा तादातमा हुन्छ र प्रभूको खुसामद (भक्ति) गर्नलाई फुर्सत पनि हुन्छ । निर्धनलाई घूस (पूजा) दिनलाई खुसामद (भक्ति) गर्नलाई फुर्सत कहाँ ! घूस र खुसामद भएन भने प्रभुको महाकरुणा कहाँ ! प्रभुको महा-करुणा पाएन भने दुःख दर्दको हरण कहाँ ! धन्य ईश्वर शाही ! तपाईकै अंश हुन् जारशाही ! राणा शाही ! ताना शाही ! पूजी शाही, वाह वाह धनी र बली रक्षक ।

पृथ्वी र दुर्बल मनुष्य सम्भन्छन् !! अहंकार-पूर्ण हुंकार गर्दै व्याख्या-अवतारवादीहरू यसो पनि भन्दछन्— म ब्रह्म हुं, म कल्याण हुं, कर्ता-धर्ता संहारक पनि मै हुं। हावा, सूर्य, चन्द्र, तारा, ग्रह, खोला–नाला, सबै चरा चर जगत् मेरो इशारामा मेरो खुशीको लागि चलि रहेको छ। यस्ता स्वयम घोषित प्रभू महाप्रभू र उप प्रभूहरु यस्तै घमंडी भएर कल्पनाको चक्रमा बिचार गर्न पाए खूब दंगदास हुन्छन्। तर यी रहस्य मण्डली प्रभूहरुको इशाराले प्रभूहरुकै खुशीको निम्ति यो जगत चलाई राखेको भए; यहाँ भयंकर महामारी, नाना रोग—व्याधी, युद्ध महायुध्द, राग द्वेष परस्पर इर्षादि किन ? बेइमानी, अन्याय बलियाको निर्बल माथि बर्बरतापूर्ण थिचो मिचो किन ? भारत नेपालका बहुसंख्यक शुद्र र अनार्य अफ्रिकामा र अमेरिकामा रहेका नेग्रोहरू औ अबिसिनियाका आदि निवासीहरू माथि अमानवीय अत्याचार किन ? अबला माथि बलात्कार भ्रूण हत्या इत्यादि क्रूरता-पूर्ण दुर्व्यवस्था किन ? यी सबै पनि महाप्रभूहरूकै खुशीकोलागि खेल गरि बसेको हो कि ? यति कुराको सवाल ती स्वयम् घोषित प्रभूहरू सित गर्न सक्नेहरू पनि कोही भएनन् कि ? यस जगत्लाई आफ्नै ठान्ने र "वसुधैव कुटुम्बकम्" सर्वे भद्राणि पश्यन्तु माकश्चित दु:ख भाग्भवेत" भन्नेहरू कामबाट के के गर्दै आईरहेका छन् सबै कुरा उनीहरू कै काव्य, महाकाव्य, पुराण, इतिहास पल्टाएर हेरे थाहा हुन्छ। मनुस्मृतिमा उल्लेखित शुद्रहरू प्रति गर्ने व्यवहार वैश्य प्रति क्षत्रीय प्रति र ब्राह्मण प्रति गर्ने व्यवहारको वर्णनहरू नाजिवाद र फासिस्तवाद

भन्दा कम छ। ब्राह्मणहरू सबैका गुरु देव—जाति आफूलाई ठान्दछन् भने, क्षत्रीहरू सबैका शासक—जाति मान्दछन् भने, वैश्य सबैलाई शोषण गर्ने जाति ठान्दछन भने, जर्मन नाजीहरू आफूलाई संसारका सर्व श्रेष्ठ शासक किन न ठानुन् । तिनसैलाई जन्माउने नै मनु भगवान् हुन् । अस्ति जर्मनीमा नाजिवाद आउँदा संसार कराए औ त्यसलाई निभाए पनि । भारत र नेपालमा आर्यहरू ( ब्राह्मण, क्षत्री र वैश्य ) आए देखि नाजिवादीहरूको मनमानी राज्य चल्दै आइरहेको छ।

पच्चीस सय वर्ष अघि थिनै बुद्ध कहाँ नाजीहरूका गुरू अश्व-लायन आफ्ना पाँचसय शिष्य सहित आई यस्तो सवाल गरे—' हे गौतम ( बुद्ध ) तपाई चतुर्वर्ण शुद्धिको उपदेश दिनुहुन्छरे, हो। यदि हो भने तपाइले ( सनातन ) धर्म—विरूद्ध काम—कार्वाइ गर्न लाग्नु भै रहेछ । हामी ब्राह्मणहरू श्रेष्ठ जाति शुक्ल वर्ण अरु नीच जाति कृष्ण वर्ण मान्छौं । यस कुरामा तपाईको के राय छ ?"

यस प्रश्नको जवाफमा बुद्धले भने – " त्यसो भए तिमी ब्राह्मण जाति जो कि आफूलाई श्रेष्ठ ठान्दछौ तिमीहरूले पनि दाउरा बालेर मार्सी चामलको भात पकाऊ, नीच जातिहरूले पनि दाउरा बालेर मार्सी चामलको भात पकाउन, त्यसो गर्दा यदि आगोले नीच जातिको भात पकाउँदैन र केवल तिमीहरूको भात पकाई दिन्छ भने अनि मात्र तिमीहरूलाई दीव्य तथा श्रेष्ठ जाति मान्न सकिएला। फेरी अर्को कुरा तिमी श्रेष्ठ कहलाइएका जाति

स्नान चूर्ण (साबुनादि) लिएर खोलामा नुहाउन जाऊ, नीच जातिहरू पनि जाउन् यदि खोलाको पानीले खास गरेर तिमी श्रेष्ठ जातिको मैलो मात्र सफा गरेर बहाउँछ र नीच जाति कहलाइएकाहरूको मैल सफा गर्दैन औ बहाउँदैन भने मात्र तिमीहरूलाई श्रेष्ट मान्न सकिएला। हुँन यदि त्यो कुरा हुनसक्तैन भने कसरी ब्राह्मण क्षत्रिहरूलाई मात्र श्रेष्ठ अरू सबैलाई नीच भनेर मान्ने।

यस प्रश्नको जवाफ दिन नसकी अश्वलायन आफनो मण्डली सहित शीर नुहाईकन गए। यसै प्रसंगवश फेरि अरूलाई बुद्ध संभाउछन् "मानिस भन्ना साथै समस्त मानव जातिको बोध भै हाल्छ भने फेरि मानिस मानिसमा कसरी जाति भेद! रूखको जात हुन्छ, साथै भिन्ना भिन्नै रूखकहरूको रूप र गुण पनि फरक हुन्छ। जस्तो पिपलको रूख पनि रूख हो; नरिवलको रूख पनि रूख हो तर नरिवलको रूख र पिपलको रूखमा पातको बनावट रूखको बनावट अनि गुण पनि फरक छ। त्यसै गरी पशुमा पनि जात हुन्छ र भिन्ना भिन्नै पशुको भिन्ना भिन्नै किसिमको गुण अवगुण हुन्छ र भिन्ना भिन्नै किसिमले व्यवहृत हुन्छन्। मातो हाथी औ घोडा दुवै पशु हुन्। किन्तु दुवैको आकार प्रकार गुणमा महान् अन्तर छ। फेरि कीट पतंगमा पनि जात हुन्छ, तर रूख र पशु समान कीट पतंगमा पनि रूप र गुणको फरक हुन्छ। सलह तथा पुतली दुवै एउटै जातका वस्तु अर्थात् कीट पतङ्ग हुन्। तर ती दुइको रूप र गुणमा महान् अन्तर छ। अतः मानिस मानिसमा के फरक छ। उही नाकको आकार, उही आँखाको आकार अनि उस्तै हात खुट्टा सब उस्तै सब उस्तै ... । फरक छ भनेको खण्डमा अलि अलि वा केही ज्यादा रंग,

बोली, लम्बाई आदिमा फरक देखिन्छ; त्यो देश गुणको प्रभावले मात्र फरक भएको हो। तर मनुष्यता भन्ने वस्तु कुनै मनुष्यमा फरक छैन। बुद्धको भनाइले मात्र होइन मनुष्यताको नाताले पनि भन्न सकिन्छ, मानिस मानिसमा भेदभाव राखी बहु संख्यक जनतालाई मानव हकबाट पनि वंचीत राख्नु नीचता हो; अत्याचार हो। यही नीचता र अत्याचारले गर्दा भारत वर्ष हिजो सम्म गुलाम थियो र आज गुलामीबाट मुक्त भएर पनि स्वतंत्रता पूर्वक विकास हुन न सकेको हो। नाजी जर्मनको नाश हुदा पनि अमेरीकीहरुले कम्यूनिष्टहरूसंग संबन्ध जोडन सम्म न सकेको हो।

धार्मिक क्षेत्रमा साकार निराकार भेद, मनुष्य समाजमा जातिर वर्ण भेदले गर्दा श्रौ धर्म ग्रन्थको कुरो नै अस्ति नास्ति सास्वत प्रमाण मानेकोले कैयन किसिमबाट मारकाट चलेर पृथ्वी रक्त–रंजित हुँदै आइरहेको छ। कैयन् धुरन्धर वैज्ञानिकहरूले आफ्ना टाउको गुमाए। आज बीसौं शताब्दीमा पनि यही भारत वर्षमा धर्मको नाममा अदभूत क्रूरपूर्वक हिंसक जंतुले पनि न गर्ने हत्या काण्ड बलात्कार भयो, जसको वर्णन मानवताको गन्ध न भएका मानिस कहाँ भन्न लाजले शीर तुहन्छ। धर्म••• धर्म••• यसै धर्मको नाममा भारत खण्डित भएको हो। यी सब प्रपञ्च किन ? यो स्व–बुद्धिलाई सांप्रदायिक ( ग्रंथ प्रमाण वाद ) विचारले रंगाई दैवी ग्रंथका बग्गी घोडा भइ आएको फल हो।

आज पनि मार्कसवादको अर्थनीति अनुसार भारत र नेपालमा व्यवस्था नल्याई त्यही मुठीभर ब्राह्मण क्षेत्री र वैश्यले मात्र राजनीति श्रौ अर्थनीतिमा दखल जमाई बहु संख्यक जाति, जुन तीन थरि प्रभूहरूले हेला गरी न्याचिराखेका छन्, ती सबलाई उठाउने प्रयास

भएन भने कति कति अरू पनि खडा हुने हो । त्यस्तै हुने हो भने तं-खण्ड नभैकन पनि छाड्ने छैन । त्यस कारण यो ग्रन्थ-प्रमाण दासता-बाट चाँडै नै मुक्त हुने चेष्टा मनुष्यमा हुनै पर्छ । किनभने दासता भन्ने कुरो यति खराब छ जसको वर्णन गरेर साध्य छैन । बुद्ध यस्ता दासता प्रणालीका विरोधी हुन् किनभने उनी मानिस हुन् ; मानिस स्वतन्त्रता चाहन्छन् ; विकास चाहन्छन् । त्यसैले बुद्ध स्वतन्त्र बुद्धिका आविष्कारक हुन् ।

एक दिन बुद्ध कालामा ग्राममा पुग्दा कालामा ब्राह्मणहरूले बुद्ध-सित यो सवाल गरे— "भन्ते ! यहाँ अनेक किसिमका धर्म गुरुहरू आउँछन् औ थरि-थरिका धर्मबारे व्याख्यान दिन्छन्, एकको विचार अर्कोसित मिल्दैन त्यसकारण हाम्रो भ्रान्ति झन् झन् बढ्दो छ, अब तपाईं पनि आइपुग्नुभयो, तपाईंबाट पनि धर्मबारे एक थोक आज्ञा हुनेनै छ ; अब हामीले कसको कुरो मान्ने, कसको कुरो नमान्ने, केही छुट्याउन सकेनौं ।"— यस कुराको जवाफमा बुद्धले मन्तुघोष गरेर भने— "हेर कालामाहरू हो ! पुर्खौली कुरा धर्म ग्रन्थको कुरा आफ्नो धर्मको ( सम्प्रदाय ) कुरा गुरुको कुरा बलियाको कुरा, धेरैले भनेका कुरा राम्रा र प्रियको कुरा भनेर वा गुरुको कुरा भनेर पनि नमान । सबै कुरा सबैबाट सुनी क्रियात्मक र विचारात्मक अनुभव औ ( बहुजन हित सुखको साथै ) स्व बुद्धिको कसीमा कसी खारा निस्केको कुरा मात्र मान । यही कुरा आज एशियाको नेताले मानें चीनका नेता माओ-जे-तुङको मुखबाट यसरी सुनिएको छ– "[illegible] निर्माण [illegible] विभिन्न देशका विभिन्न

कथ छुटाउनु छ; जुन चीजको व्यवहार गर्दा कहीं नोकसान नहुने हुनु पर्दछ; औ नोकसान हुने कयाकन सकनु पर्दछ अनि हामीले अन्धो भएर पश्चिमी कस्ता गर्न हुँदैन, यही कुरा चीनमा, मार्कसवाद ल्याउनलाई पनि ध्यान अवश्य दिन पर्छ।

बुद्ध मानिस हुन्। बुद्ध पूजाखोर भक्ति खोर खुसामद खोर वली खोर श्रोता होइनन्। त्यसैले उनको वाक्यको मानिस रहुन्ज्याल यस पृथ्वीमा ख्याल रहिरहने छ। उनी मानिसहुन्। उनले कसैलाई कल्पनाको ढुङ्गा दिएर रहस्यको भवरीमा फुल्याकेनन्, अपितु फुर्याकि एकलाई तर्कको पटवारा दिएर धर्मको बाटो सुझाइ दिए। आफूलाई सदा "अखवातारो" अर्थात बाटो बताउने मात्र भन्द छन्। बुद्धले आफूलाई अरू भन्दा उच्च मानिसको प्रयासबाट बाहिर भएका सर्व श्रेष्ठ, सर्वोच्च; शक्तिशाली कहिले भनेनन्। उनी मानिस हुन्, उनले मानिसको लागि मानिस जान सक्नेबाटो बताएर गए। त्यो बाटो हो, अर्थात् बुद्धको बाटो, बुद्धि भएका जति सबैको बाटो हो। बुद्ध धर्म व्यक्ति-प्रधान धर्म होइन, विचार प्रधान धर्म हो।

बुद्ध मानिस भन्दा पर अर्थात् अलौकिक र बुद्धपद मानिसको बल बुद्धिबाट नमेटिने हो भने बुद्ध संसारको लागि बेकार छन्। अलौकिक वा श्रोता भनी मान्ने बुद्धको विरोधीनै हुन सक्छन्, समर्थक या अनुयायी होइनन्। त्यसैले उनी त्रिगिक भएर भन्छन्-ईश्वरलाई [illegible] आत्मालाई नित्य कुतुहल शाश्वत भगवान, कुनै मन्यलाई शाश्वत [illegible] [illegible] [illegible] ( [illegible] [illegible] भउँ [illegible] कुरा ) [illegible]

बुद्धले हामीलाई खोँला, माटो, ढुंगा, पशु, पंछी कीट पतंगबाट पनि शिक्षा लिने सर-सल्लाह दिएका छन् ।— उनको सर-सल्लाह भनेर मात्र होइन, हामी मानिसले लिन पनि पर्छ । किनकि उनी मानिस हुन् । त्यसैले हामीले ऋषि मुनि, निगंथ नाथ पुत्र ( जैन गुरु ) सारि पुत्र, महा मौद्गल्यायन, चाणक्य सम्राट् अशोक, नागसेन, बाल्मीकी, वसु-बन्धु, बुद्ध घोष, अश्व घोष, इशामसीह, नागार्जुन, धर्मकीर्ति कालीदास भार्गव, कन्फ्यूसस, शुकात, हजरत महम्मद, हजरत मुसा, सम्राट श्रोङ चेन ग्येपो, शंकराचार्य, भर्तृहरि, सेण्ट, पाल, शेक्सपियर, फाउस्ट, अरस्टोटल मार्टिन लुथर, डार्विन, कबीर, नानक, कार्ल मार्क्स, एङ्गेल्स, क्रोपाटकिन, टाल्सटाय, गोर्की लेनिन विवेकानन्द, डा. सन्-यात्सेन, गाँधीजी, लास्की, बर्नार्डशा, स्तालिन, श्रधम पाल कामा, गोविन्द ( जर्मन ) होचिमिन्ह, माओ-जे-तुङ, एम एन राय, राहुल सांकृत्यायन इत्यादि र मेरो पनि कुरा बुद्धले भने झैं निष्पक्ष या स्वतन्त्र बुद्धिको कसीमा कसी खारा निस्केका कुरा मात्र नै छ, त्यो हुन सकेको खण्डमा कति असल होला । मुख्य कुरा, पक्षपाती अन्धो हुनु हुँदैन । वास्तविकतालाई नबुझी साम्प्रदायिक भावनाबाट मनुष्यले टाढा बस्न सक्नुपर्छ ।

बुद्धले कुनै साम्प्रदायिक धर्म स्थापना गरेनन् नउनले पापबाट बचाइ दिन्छु भनेर कसैलाई छटपटाई मारे । उनले "तुम्हे हि किच्चं आतप्पं अक्खातारो तथागता" अर्थात् काम कुरो त तिमीहरूले नै गर्नुपर्छ, म त बाटो मात्र बताउने हुँ । अतः बुद्धको यो वाक्यमा अलिकत पनि साम्प्रदायिक भावनाले छोएको छैन । सिधा साधा

अर्थ छ। अर्थात् कुनै पनि खराब काम न गर्ने अो असल काम गर्ने चित्तलाई शुद्ध राख्ने नै बौद्ध हुन्। जहाँ बस्ने होस्, जुन-सुकै वर्णको होस्, सोच्दै भनुँ भने त्यो तीन चीजको पालन गर्ने मनुस्य मुसलमान भए पनि, क्रिस्चियन भए पनि पारसी भए पनि वैष्णव भए पनि, शाक्त या शैवे भए पनि बौद्ध भन्न सकिन्छ। बौद्ध हुनलाई मुख्यतः अंध भक्तिको चस्मा लगाउनु हुँदैन। अपितु हृदय र मस्तिस्कको निम्ति तर्करुपी दूरबीनको आवश्यक छ, अो बहुजन हिताय सुखाएको विचार मनुस्यले कहिले पनि छाड्नु हुँदैन।

संसारको अधिकांश लडाई मारकाट साम्प्रदायिक राजनैतिक र, र आर्थिक असमानताबाटै भएर आइरहेको छ। कसैले आफ्ना विपक्षलाई खुदार्पण बिस्मिल्लाह भन्दै गला रेतिरहेछन्, कसैले कृष्णार्पण भन्दै मारिरहेका छन्। धूर्त स्वार्थ शोषकहरूले सोधा–साधा जनतालाई चुसेर मारेर खुदार्पण कृष्णार्पण मा गंडापार्पण गर्दै पेट भरेथछि जनताले पनि स्व–पेट खातिरार्पण भन्दै ती धूर्त स्वार्थ शोषकहरूलाई किन बाँकि राखोस्! बाँकि राख्दैन भनेर साम्यवादी या कम्युनिष्टहरू बढिरहेका हुन्। युग धर्म जान, स्वार्थ र अनउदार नबन। अर्काको धर्म जतिसुकै असल भए पनि आफ्नो धर्म जतिसुकै खराब भए पनि मन परे पनि छाड्न हुँदैन भन्ने शंकुचित सांप्रदायिक मेष ली भएका बल–बुद्धि विशेष पारी रहेकोलेनै हामीलाई दुर्गतिले एक निमेष पनि छाड्न नचाहेको हो।

संसारका चार आततायीहरूका चार कुरा चित लाउनै पर्छ। ब्राह्मणहरूको साम्प्रदायिक भेद, बहुजन माराहरूको वर्ण भेद, समाजमासहरूको जाति भेद, धनदासहरूको अर्थ भेद। बुद्ध नास्तिक हुन्। उनले त्यसैले मानिसले जस्तै मानिसलाई चाहिने उपदेश दिएका छन् औ दिलाउँछन्। मुख्य उनका चतुरार्य सत्य, आर्य अष्टांगिक मार्ग र अन्य धेरै प्रकारका उपदेशहरू, उनका शिष्यहरूका उपदेशहरू औ त्यसताका घटना समेत भएको इतिहास आज कल पाली भाषामा त्रिपिटकको नाममा पाइन्छ। जुन वर्तमान सभ्य देशका ठूला ठूला भाषाहरूमा अनुवाद भैसकेको छ। यही त्रिपिटक चिनी भाषामा अनुवाद गरी छपाउनलाई संसारमा सबभन्दा पहिले कागजर छापाखानाको आविस्कार चिनमा गरेको हो।

बुद्धको बुद्धि—व्यापक विकाश भएकोदेखिकन नसहनेहरूले उनलाई कैयौं चोटि मार्न खोजे। तर उनी निर्विघ्न लोकको बौद्धिक, धार्मिक, सामाजिक साथ साथै अलिअलि राजनैतिक र आर्थिक सुधार पनि गरेर गए। पछि उनलाई न सहने ढोंगी (रामचन्द्र) हरूले "यथा बुद्ध तथा चोर" पनि भने। दानव वा राक्षस अथवा म्लेच्छ मोह गर्नलाई आएको विष्णुको अवतार भनेर पनि पुराण पंथीहरूले बदनामी गरे। यदि ती ढोंगीहरूको पुराणमा लेखे झैं बुद्ध दानवलाई मोहगर्न आएको भए संसारका सारा बौद्ध दानव हुन आउँछन्। तर जे होस, संसार ऐना जस्तो छ। चोरलाई दानव देखेकोमा केही आश्चर्य छैन। महान आश्चर्य

लोकको कुरा त यो छ—बुद्धका शिष्यहरू ढोंगी र ठग भएर उनीको धर्म–विरुद्ध नाना, भूत, प्रेत देव–देवीको कल्पना गरी स्वयम् बुद्धलाई पनि घौता बनाए। तबदेखि बुद्धलाई मानिस हुन् भनेर चिन्न छाडी घौता भनी पुज्न धेरैले थाले, त्यहाँ देखि धेरै बौद्ध-हरूको बुद्धि–विकाशको बाटोमा ताल्चा लाग्यो।

बुद्ध मानिस–समाजका मान्छे हुन्। उनी मानिस भन्दा अरू कुनै पनि होइनन्। त्यसैले उनी द्वारा मानिसलाई अस्ति नास्तिको रहस्यमय खाडलमा खसाल्ने काम हुँदैन त्यसबाट माथि उठ्ने सर–सल्लाह (धर्मोपदेश) चाहीं उनी खुशी साथ दिन्छन्। हामीमा एक स्थाश्वत कुलस्थ अजर अमर शस्त्रास्त्र र आगोबाट पनि केही नहुने आत्मा छ। हामी (इन्द्रियादि) उनै उनै आत्माका खेलौना हौं। हामीले जे गरे पनि आत्मा त शुद्धै रहने छ भनेर पाप–पुण्यको ख्याल नराखी काम कुरा गराउने उनी होइनन्। अपितु हामी मनोमय छौं असल गरे असल, खराव गरे खराव हुने अर्थात् पाप गरे पापी पुण्य गरे पुण्यात्मा हुने छौं। त्यस कारण हामीले शुद्ध र असल काम–कुरा गर्नु पर्छ भनी असलतिर लाग्ने उपदेश दिन्छन्। कुनै धर्म ग्रन्थ शास्त्र र पुराणादिको कुरा त्यसमा बताएको विधिविधान मान्नै पर्छ। कसैले भनेको अथवा बुद्ध स्वयम् आफैले भनेको मान्नै पर्छ नमाने यसो हुन्छ उसो हुन्छ भनेर नर्कको गफाष्ट डर दिने पनि उनी होइनन्। त्यस्ताबाट बच्ने आफ्नो बुद्धिबलबाट उठ्ने अर्ति दिन्छन्। उनको जति अर्ति वा उपदेश अथवा धर्म अर्थात् वादीहरू छन् त्यसैलाई महायान अर्थात् ठूलो

बाटो भन्दछन् । यही महायानमा ४५ वर्ष सम्म आफू चलेर अरूलाई चलाएर ८० वर्षको आयुमा मल्लहरूका देशको कुशीनगरमा बुद्ध-ज्योति राम्ररी निभि, अर्थात् महानिर्वाण भयो ।

आज संसारमा बुद्धको चेतन शरीर हामीले नपाएता पनि उनले बताएको महायान ( ठूलो बाटो ) पाएका छौं, जुनबाटोबाट संसारका कुनै पनि प्रगतिशील विचार धारासित टक्कर लिएर अघि बढ्न शक्छौं । बुद्ध-धर्मले संसारको प्रगतिलाई बाधा दिंदैन अपितु झन् संसारका गतिलाई प्रगति गर्नमा हिम्मत दिदै मद्दतको काम गरेर भएको छ औ सँधै मद्दतगार बन्ने छ ।

अतः यो स्वयम्सिध्द कुरा हो कि कर्म आध्यात्मवाद होइन, व्यक्ति-प्रधान धर्म पनि होइन । अनात्मवाद अकुशल कर्म-त्यागी तो कुशल कर्म समर्थक औ चित्तलाई शुद्ध गर्ने विचार-प्रधान परिवर्तनशील भौतिकवाद ( धर्म ) नै बुध्द धर्म हो ।

प्रथम संस्करण— ४००

प्रकाशक— प्रगतिशील पुस्तक [illegible]

असन कमलाक्षी,

काठमाण्डु

नेपाल ।

मुद्रक— सरस्वती प्रेस महाबौद्ध, मासंगल्ली नेपाल ।

